**कोरोना भाइरससम्बन्धी प्रदेश २ को अवस्था**
**धनुषा । ०७७ वैशाख १७ गते**

प्रदेश नं. २ अन्तर्गत बारा जिल्लामा दुई जना र पर्सा जिल्लामा एक जना गरी तीन जनामा वैशाख १७ गते कोरोना सङ्क्रमण पुष्टि भएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा गरिएको परीक्षणमा पोजेटिभ रिपोर्ट आएको हो । प्रदेश नं. २ सरकार सामाजिक विकास मन्त्रालयद्वारा वैशाख १७ गते आयोजित मिडिया ब्रिफिङ्गका क्रममा सामाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले उक्त जानकारी दिनु भयो । उनीहरूलाई उपचारको लागि पर्साको नारायणी अस्पताल बीरगंजमा राखिएको छ ।

बारा जिल्ला सीमरास्थित अस्थाई विशेष कोरोना अस्पतालको क्वारेन्टाइनमा बसेका सिम्रोनगढ नगरपालिका-४ घर भई हाल जितपुर सिमरा उपमहानगरपालिका-१९ मा रहेको एक मस्जिदमा बस्दै आएका ३१ वर्षीय युवक र जितपुर सिमरा उपमहानगरपालिका-७ का ४३ वर्षीय युवकमा कोभिड-१९ सङ्क्रमण देखिएको हो । छिमेकी मुलुक भारतमा आयोजित एक धार्मिक कार्यक्रममा सहभागी हुन गएका ३१ वर्षीय युवकसँगै ४३ वर्षीय युवक फागुन २८ गते नेपाल आएका थिए । उनीहरूलाई वैशाख १४ गते नै क्वारेन्टाइनमा राखिएको थियो । क्वारेन्टाइनमा ल्याइएपश्चात उनीहरूलाई पर्सा जिल्ला बीरगञ्ज महानगरपालिका छपकैयामा एम्बुलेन्स मार्फत पुऱ्याएर स्वाव सङ्कलन गरिएको थियो । सोही दिन सङ्कलित स्वाब राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु काठमाडौँमा पठाइएको थियो ।

यसैगरी, पर्सा जिल्ला बीरगञ्ज महानगरपालिका-२ का ४६ वर्षीय पुरुषमा पनि वैशाख १७ गते कोरोना सङ्क्रमण पुष्टि भएको सामाजिक विकास मन्त्रालयका सचिव घिमिरेले बताउनु भयो । उनलाई बीरगंजमा रहेको सिद्धार्थ माविको क्वारेन्टाइनमा राखिएको थियो ।

प्रदेश २ मा वैशाख १७ गतेसम्म कोरोना भाइरसका शङ्कास्पद २ हजार २ सय १८ जनाको स्वाब सङ्कलन गरिएकोमा १ हजार ३ सय ६२ जनाको रिपोर्ट आएको छ । जसमा १ हजार ३ सय ५० जनाको रिपोर्ट नेगेटिभ आएको छ भने १२ जनाको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयका सचिव डा. घिमिरेले जानकारी दिनु भयो । ८ सय ५६ जनाको रिपोर्ट आउँन बाँकी रहेको छ ।

त्यसैगरी, वैशाख १७ गतेसम्म आरडीटी किटबाट परीक्षण ४ हजार ९ सय १४ जनाको गरिएकोमा ४ हजार ९ सय ४ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने १० जनाको रिपोर्ट पोजेटिभ आएको छ ।

प्रदेशमा क्वारेन्टाइन सङ्ख्या १ सय ७६ रहेकोमा ३ हजार ८ सय ८३ क्वारेन्टाइन बेड रहेको छ । वैशाख १७ गतेसम्म १ हजार ४ सय ४३ जना क्वारेन्टाइनमा रहेका छन् भने ४ हजार १७ जना होमक्वारेन्टाइनमा रहेका छन् । कोरोना आशङ्का गरिएका १३ जना बिरामी आइसोलेशन वार्डमा उपचारार्थ छन् । प्रदेशमा आइसोलेशन बेड सङ्ख्या २ सय ६६ रहेको छ।

जनकपुरधाम उपमहानगरपालिका-४ मा वितरण गर्दै गरेको राहत सामग्री लिन पुगेका भारतको बिहार राज्य घर भई हाल जनकपुरधाम उपमहानगरपालिका-४ विश्वकर्मा चोकमा बस्दै आएका ४० वर्षीय सुजित साह प्रहरीको कुटपिटबाट घाइते भए । जनकपुरधाममा ठेला चलाएर जिवनयापन गर्दै आएका साहको लकडाउनले गर्दा मजदुरी गर्न नपाएर वडा कार्यालयले दिन लागेको राहत सामग्री लिन तिरहुतीय गाछी पुगेको बेलामा भिडभाड बढेपछि प्रहरीले लाठीचार्ज गर्दा घाइते भएको साहले बताए । साहको उपचार प्रहरीले स्थानीय पाण्डे मेडिकलमा गराएको थियो ।

इन्सेक सिरहाका जिल्ला प्रतिनिधि दुर्गा परियार र ओरेक नेपालकी कार्यक्रम व्यवस्थापक देवकुमारी महराले लक्ष्मीपुर पतारी गाउँपालिकामा रहेको क्वारेनटाइनको अनुगमन वैशाख १७ गते गर्नु भएको छ । उक्त क्वारेन्टाइनमा रहनु भएकी महिलाहरुले अति आवश्यक सेनेटरी प्याडको व्यवस्था नभएको र

पाँच जना मुस्लिमले रोजा सुरु भएकोले दिनभर केही नखादा बेलुका फलफुलको व्यवस्था गरी दिनुहुन आग्रह गरेका थिए । इन्सेक प्रतिनिधिले सो जानकारी गाउँपालिका अध्यक्ष रामवल्लभ साहलाई गराएपछि सो समस्याको जानकारी आफुलाई नभएकोले तुरुन्त व्यवस्था गर्ने प्रतिबद्धता गर्नु भयो ।

**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेल**का अनुसार स्थानीय तहहरूले सरकारको मापदण्ड तथा निर्देशिका विपरित कम तौलको राहत वितरण गरिरहेका छन् । बोदे बर्साईन नगरपालिकाले वैशाख १७ गतेदेखि वडा नम्बर ४, ५, ६, ८ र १० मा राहत वितरण सुरू गरेको छ । बिष्णुपुर गाउँपालिका-१ मा वैशाख १७ गते वितरण गरिएको चामल गुणस्तरहीन रहेको स्थानीयवासीको गुनासो छ ।
बलान बिहुल गाउँपालिकामा राहत सामग्री वितरण हुन सकेको छैन । महादेवा गाउँपालिका वडा नम्वर-४ मा राजनीतिक आस्थाका आधारमा काखापाखा गरेको भन्दै स्थानीयवासिन्दाले व्यापक विरोध जनाएपछि वैशाख १६ गते राहत वितरण स्थगित भयो । वडा अध्ययक्ष जुगेश्वर साहले राहत वितरणमा कसैलाई काखापाखा नगरिएको दाबी गर्नु भयो । वडामा कुल १ हजार २ सय घरधुरी रहेकोमा ५ सय ८० परिवारको नामावली सङ्कलन गरेर सोही अनुसार वितरण गर्ने क्रममा स्थानीय केही व्यक्तिहरूले अवरोध पुऱ्याएको उहाँले बताउनु भयो ।
कञ्चनरूप नगरपालिका-४ को राहत वितरण समितिका सदस्यहरू आधारभुत विद्यालय जगतपुरका प्रधानाध्यापक महेश परियार र आधारभूत विद्यालय जगतपुरका प्रधानाध्यापक रामनारायण साहलाई वडा नम्वर ८ स्थित शम्भुप्रसाद गुप्ताको राईस मिलमा राहत सामग्री चोरी गरेर विक्री गरिरहेको आरोप लगाउँदै स्थानीयवासीले वैशाख १७ गते नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय कञ्चनपुरको जिम्मा लगाएका छन् । १५ किलोको सात प्याकेट र १० किलोको आठ प्याकेट चामल तथा ५० किलो दाल राहत सामग्री विक्री गर्न नभई दोस्रो चरणमा समेत राहत वितरण गर्नुपर्ने भएकाले राख्न गएको वडा अध्यक्ष रामनारायण साहले बताउनु भयो ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियार**का अनुसार अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक सिरहाका जिल्ला प्रतिनिधि दुर्गा परियार र ओरेक नेपालकी कार्यक्रम व्यवस्थापक देवकुमारी महराले लक्ष्मीपुर पतारी गाउँपालिकामा रहेको क्वारेनटाइनको अनुगमन वैशाख १७ गते गर्नु भएको छ ।
लक्ष्मीपुर पतारी गाउँपालिका-१ स्थित नव निर्मित स्वास्थ्य चौकीमा रहेको क्वारेन्टाइनमा एक बालक, ६ महिला र ११ पुरूष गरी १८ जना रहेका छन् । सुरक्षा र सुविधाको दृष्टिकोणले राम्रो रहेको क्वारेन्टाइनमा २४ घण्टै डयूटी मिलाएर स्वास्थ्यकर्मी र सुरक्षाकर्मीहरूले डयूटी गर्ने गरेको स्वास्थ्य चौकीका इन्चार्ज अनिल साहले बताउनु भयो ।
क्वारेन्टाइनमा रहनु भएकी महिलाहरूले अति आवश्यक सेनेटरी प्याडको व्यवस्था नभएको र पाँच जना मुस्लिमहरूले रोजा (चाडपर्व) सुरू भएकोले दिनभर केही नखाँदा बेलुका फलफुलको व्यवस्था गरी दिन हुन आग्रह गरेका थिए ।
इन्सेक प्रतिनिधिले सो जानकारी गाउँपालिका अध्यक्ष रामवल्लभ साहलाई गराए पछि सो समस्याको जानकारी आफुलाई नभएकोले तुरून्त व्यवस्था गर्ने प्रतिबद्धता गर्नु भएको थियो ।

**इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साह**का अनुसार गौशाला नगरपालिकाले राहतमा अखाद्य तेल वितरण गर्ने जनप्रतिनिधि र पसलेलाई कारवाही नभएको पीडित परिवारहरूले गुनासो गरेका छन् । गौशाला नगरपालिका-४ का अध्यक्ष रामबाबु साह र उमेश किराना पसल गौशालाका सञ्चालक सन्तोषकुमार साहलाई स्थानीय प्रशासन र नगरपालिकाले कारवाही नगरेपछि पीडित परिवारले गुनासो

गरेका हुन् । नगरपालिकाले उमेश किराना पसल गौशालाका सञ्चालक सन्तोषकुमार साहबाट अमृत ब्रान्डका प्रशोधित पामोलिन खाने तेल खरिद गरी वितरण गरेको थियो ।
राहतमा बाँडिएको खानेतेल तरकारीमा पकाएर खाएपछि गौशाला नगरपालिका-४ का दुई दर्जनभन्दा बढी महिला बालबालिका वैशाख १२ गते बिरामी परेका थिए । तेल खाएपछि सो वडाका अधिकाङ्शलाई पेट दु:खेको र पखाला लागेको थियो ।
राहतमा बाँडिएको तेल खाँदा छोराछोरीलाई पखाला लागेको र औषधी किन्ने पैसा नभएको स्थानीय उर्मिला सदाले बताउनु भयो । उहाँले राहतमा खाने तेलको नाममा अखाद्य तेल वितरण गर्नेलाई कडा कारवाही गर्नुपर्ने बताउनु भयो । उहाँ मात्र होइन रामवती सदा, श्रीचन सदा विल्टु सदा जस्तै सबै पीडित परिवारले दोषीलाई कारवाही गर्न माग गरेका छन् ।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दीपेन्द्रप्रसाद सिंह**का अनुसार जनकपुरधाम उपमहानगरपालिका-४ मा वितरण गर्दै गरेको राहत सामग्री लिन पुगेका भारतको बिहार राज्य घर भई हाल जनकपुरधाम-४ विश्वकर्मा चोकमा बस्दै आएका ४० वर्षीय सुजित साह प्रहरीको कुटाइबाट घाइते हुनु भएको छ ।
राहत सामग्री लिन जाँदा प्रहरीले आफुलाइ निर्घात रूपमा कुटपिट गर्दा कानको जाली फुटेको गुनासो पीडितले गर्नु भएको छ ।
जनकपुरधाममा ठेला चलाएर जिवनयापन गर्दै आउनु भएका साहको लकडाउनमा मजदुरी गर्न नपाएर वडा कार्यालयले दिन लागेको राहत सामग्री लिन तिरहुतीय गाछी पुगेको समय निकै भिडभाड भएपछि प्रहरीले भिड कम गर्न लाठीचार्ज गरेको साहले बताउनु भयो ।
प्रहरीको लाठी चार्जबाट बेहोस भएका साहको प्रहरीले पाण्डे मेडिकलमा उपचार गराई औषधी दिएर पठाएको पीडित साहले बताउनु भयो ।
प्रहरीको लाठीचार्जले कानमा गम्भीर चोट लागेर कानको जाली फुटेको बताउँदै उहाँले आफुलाई थप समस्या भएको पीडित साहले बताउनु भयो ।

**इन्सेक सर्लाही जिल्ला प्रतिनिधि बुधन साह**का अनुसार नोबेल कोरोना भाइरसको सङ्क्रमण रोकथाम तथा नियन्त्रणको लागि गरिएको लकडाउनबाट प्रभावित अति विपन्न परिवारहरूको लागि कविलासी नगरपालिकाले वैशाख १७ गते राहत वितरण कार्य सुरू गरेको छ ।
कविलासी नगरपालिका भित्रका अति विपन्न गरिब जम्मा ४ हजार ४ सय ९४ घर धुरिको लागि राहत स्वरूप प्रत्येक घरपरिवारहरूलाई २५ किलो मन्सुली चामल, तीन किलो मसुरो दाल, एक लिटर खाने तेल र एक किलो नुन वितरण गरिएको कविलासी नगरपालिकाका नगर प्रमुख कौशलकिशोर यादवले जानकारी दिनु भएको छ ।
राहत कार्यक्रमबाट कविलासी नगरपालिका-१ मा ४ सय १३ घरधुरी, वडा नं.२ मा ४ सय ५६ घरधुरी, वडा नं.३ मा ४ सय ५४ घरधुरी, वडा नं.४ मा ४ सय ४४ घरधुरी, वडा नं.५ मा ३ सय ५० घरधुरी, वडा नं.६ मा ४ सय ५ घरधुरी, वडा नं.७ मा ५ सय ४८ घरधुरी, वडा नं.८ मा ६ सय ५० घरधुरी, वडा नं.९ मा ४ सय ३३ घरधुरी र वडा नं.१० मा ३ सय ४१ घरधुरीका सदस्यहरू लाभान्वित हुने नगर प्रमुख यादवले जानकारी दिनु भएको छ ।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिना**का अनुसार लकडाउनको समयमा विपन्न परिवारलाई वितरण गरेको राहत सामग्रीको विवरण रौतहटको मौलापुर नगरपालिकाले सार्वजनिक

गरेको छ । श्रमिक मजदुर वर्ग, असहाय र विपन्न वर्गलाई राहत सामग्री वितरण गरीसकेको मौलापुर नगरपालिकाले सो विवरण सार्वजनिक गरेको हो ।

मौलापुर नगरपालिकाले सङ्घीय सरकार तथा प्रदेश नं. २ सरकारबाट प्राप्त बजेट तथा निर्देशन अनुसार १ हजार घर परिवारलाई राहत सामग्री वितरण गरेको छ । यस्तै मधेसी महिला समाज उत्थान केन्द्रबाट प्राप्त सहयोग ३ सय २६ घरधुरी लाई वितरण गरेको जनाइएको छ । पहिलो चरणमा चामल सोना मंसुली ४० रुपियाँ किलोका दरले १० लाख रुपियाँको २ सय ५० क्विन्टल, मुसुरोको दाल ४ लाख ४० हजार रुपियाँमा १ सय १० रुपियाँको दरले ४० क्विन्टल वितरण गरीएको मौलापुरका प्रमुख प्रशासकीय अधिकृत सिकेन्द्रप्रसाद साहले जानकारी दिनु भयो । वडा नं. १ मा ३ सय १७, वडा नं. २ मा १ सय ७५, वडा नं. ३ मा ९३, वडा नं. ४ मा १ सय, वडा नं. ५ मा १ सय ३५, वडा नं. ६ मा १ सय ३०, वडा नं. ७ मा १ सय ३५,वडा नं. ८ मा १ सय २१ र वडा नं. ९ मा १ सय २० गरी १ हजार ३ सय २६ घर परिवारलाई वितरण गरिएको नगरपालिकाले जनाएको छ ।

त्यसैगरी, रौतहटमा वैशाख १६ गते कोरोना भाइरस सङ्क्रमण पुष्टि भएका दुबै जना पुरूष लकडाउन अवधिमा नेपाल आएको खुलेको छ । नेपाल सरकारले लकडाउन घोषणा गरेसँगै नेपाल.भारत सीमा पनि शिल गरेको छ । यस अवधिमा दुबै देशमा आवतजावत पूर्ण रूपमा बन्देज गरिएको छ । तर, रौतहटका दुबै सङ्क्रमित पूरूष भने लकडाउन अवधिमा चोरबाटो हुँदै नेपाल प्रवेश गरेका हुन् ।

वृन्द्रावन नगरपालिकाका सङ्क्रमित २४ वर्षीय पुरूष चैत १७ गते र देवाहीगोनाही वडा नम्बर १ मा सङ्क्रमित ३५ वर्षीय पूरूष वैशाख ६ गते चोरबाटो हुँदै भारतबाट नेपाल आएका हुन् । यसअघि रौतहटका पहिलो सङ्क्रमित इशनाथ नगरपालिकाका युवा पनि लकडाउन अवधिमै चोरबाटो हुँदै नेपाल आएका थिए । हाल उनी उपचार पश्चात निको भएर घर फर्किसकेका छन् ।

वैशाख १६ गते सङ्क्रमण पुष्टि भएका वृन्द्रावन नपा-९ भुषाहा टोलका २४ वर्षीय पूरूषमा क्वारेन्टाइनबाट फर्केको १० दिनपछि कोरोना सङ्क्रमण पोजेटिभ देखिएको छ । चन्द्रपुर नपा-६ मा अवस्थित अखिल नेपाल फुटबल सङ्घ एन्फाको महिला एकेडेमीको क्वारेन्टाइनमा बसेका ती युवक गत वैशाख ६ गते प्रदेश नं. २ को प्रादेशिक अस्पताल जनकपुरको ल्याबबाट पीसीआर रिपोर्ट नेगेटिभ आएपछि घर फर्केका थिए । उनी भारतबाट खाद्यान्न बोक्ने ट्र्याक्टर र केही स्थानमा पैदल हिँडेर नेपाल–भारत सीमामा आइपुगेको र त्यहाँको चोरबाटो हुँदै चैत १७ गते नेपाल प्रवेश गरेका थिए । उनीसागै अन्य चार जना पनि आएका थिए । चरा दिन घर बसेपछि स्थानीयले थाहा पाएर उनीहरूलाई चैत २२ गते चन्द्रनिगाहापुर क्वारेन्टाइनमा ल्याएका थिए ।

अर्का ३५ वर्षीय कोरोना सङ्क्रमित पुरूष भने देवाहीगोनाही नगरपालिकाकै क्वारेन्टाइनमा बस्दै आएका थिए । भारतको दिल्लीमा आफैले सञ्चालन गरेको व्याग कारखानामा काम गर्दै आएका उनी लकडाउनकै क्रममा चोरबाटो हुँदै वैशाख ४ गते नेपाल आएका थिए । जिल्लाकै गुजरा नगरपालिका स्थायी घर भएका उनी आफ्नो घर नगई देवाही गोनाही नपा-१ स्थित ससुराली घरमा गएका थिए । करूनीयाका स्थानीयले उनी दिल्लीबाट आएको थाहा पाएपछि प्रहरीलाई खबर गरेपछि उनी र उनीसँगै आएका अन्य दुई जनालाई पनि पोलिटेक्निक कलेजको क्वारेन्टाइनमा राखिएको थियो । सो नगरापलिका नगर प्रमुख धमेन्द्र प्रसाद पटेलका अनुसार सो युवक दिल्लीबाट एम्बुलेन्समा भारतको मोतिहारीसम्म आएका थिए । उनले भारतकै ढाका भन्ने स्थानमा आफन्तको घरमा ४–५ दिन बसेर नेपाल छिर्ने चोरबाटो बुझेर आफुसँग दिल्लीबाट आएका अन्य चार जना साथीहरूसँगै नेपाल आएको नगर प्रमुख पटेलले बताउनु भयो । नगर प्रमुख पटेलका अनुसार केही दिन अगाडी कोरोना सङ्क्रमण देखिएका सर्लाहीका युवक पनि उनीसँगै सोही एम्बुलेन्समा आएका थिए ।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेल**का अनुसार भारतको नयाँदिल्ली स्थित निजामुदिन तबलिगी मर्कज जमातको धार्मिक सभाबाट आएका जमातीहरूको सम्पर्कमा रहेकाले सिमराको आइशोलेसन वार्डमा बसिरहेका सिम्रोनगढ नगरपालिका-४ हरिहरपुर निवासी ३१ वर्षीय पुरूष र जितपुरसिमरा उमनपा-७ निवासी ४३ वर्षीय पुरूष वैशाख १७ गते राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुमा गरीएको परीक्षणमा कोरोना पोजेटिभ भेटिएको ईलाका प्रशासन कार्यालय सिमराका प्रमुख कृष्ण गैरेले बताउनु भएको छ।

जीतपुरसिमरामा रहेको कोरोना विशेष अस्पतालमा उपचार गराइरहेका दुई जनामा कोरोना पोजेटिभ देखिएको हो। बीरगंजमा भेटिएका कोरोना सङ्क्रमीतको सम्पर्क व्यक्ति खोज्ने क्रममा जितपुर सिमरा उपमहानगरपालिका-१९ ईनरवासिरा मस्जिदमा जमातबाटै फर्केका सिम्रोनगढ नगरपालिका-४ निवासी एक जना पुरूषलाई प्रहरीले कोरेन्टाइनमा राखेको गैरेले बताउनु भयो।

वैशाख १४ गते आइशोलेसनमा राखी कोरोनाको लक्षण देखा परेपछि चिकित्सकको टिमले स्वाब परीक्षण गर्न सोहीदिन काठमाडौँ पठाएको थियो। जितपुर सिमराको आइसोलेशन वार्डबाट कोरोना उपचार गर्नका लागि नारायणी अस्पताल बीरगंज पठाएको गैरेले बताउनु भयो। उहाँहरू ०७६ फागुन २८ गते धार्मिक सभाबाट नेपाल आउनु भएको थियो। जितपुर सिमरा-७ र १९ अनुगमन गरी कोरोना रोग नियन्त्रण रोकथाम गर्न जोखिम क्षेत्र शिल गरेको गैरेले बताउनु भयो।

प्रमुख जिलला अधिकारी रूद्र प्रसाद पण्डित, नगर प्रमुख कृष्ण पौडेल, ईलाका प्रशासन कार्यालय सिमराका प्रमुख कृष्ण गैरे, एसपी कृष्णप्रसाद पंगेनी र डिएसपी गोविन्द पुरी लगायतको टोलीले स्थलगत निरीक्षण गरेको छ। सुरक्षा निकाय, काठमाडौं र जनकपुरबाट खटिएको विशेष टोलिले ट्रेसिङ्ग र ट्र्याकिङ्ग कार्य गरिरहेको छ।

कलैया अस्पतालमा क्वारेन्टाइन सञ्चालन गर्नका लागि सेभ द चिल्ड्रेन नेपाल एवम् बागमती सेवा समाज नेपाल सर्लाहीले टेन्ट बनाउन वैशाख १६ गते ४० पिस पाईप र दुई ओटा थर्मो गन प्रदान गरेको समाजका धिरेन्द्र तिवारीले बताउनु भयो। कलैया अस्पतालका मेडिकल सुपरीटेण्डेण्ट बिरेन्द्र मण्डलले क्वारेन्टाइन सञ्चालनका लागि सामग्रीको उपयोग गरिने बताउनु भएको छ।

**इन्सेक पर्सा जिल्ला प्रतिनिधि केसि लामिछाने**का अनुसार बीरगंजमा थप एक सहित तीन जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुमा गरिएको परीक्षणमा बीरगंजका एक र बारा जीतपुर सीमरा उपमहानगरपालिकाका एक तथा सिम्रोनगढ नगरपालिका एक गरी दुई जनाको रिपोर्ट पोजेटिभ आएको हो।

बीरगंज महानगरपालिकाको वडा नं २ छपकैयाका ४६ वर्षीय पुरूष, बाराको सिम्रोनगढका ३१ वर्षीय पुरूष र बारा जीतपुर-७ का ४३ वर्षीय पुरूषमा कोरोना सङ्क्रमण पुष्टि भएको हो। तीनै जना दिल्लीमा तबलिगी जमातको धार्मिक सभामा सहभागी भएर फर्किएका थिए।

यसअघि बीरगंज महानगरपालिका-३ छपकैयाका सरसफाई कर्मचारीलाई सङ्क्रमण पुष्टि भएपछि उनीहरूको सम्पर्क पछ्याउँदै गरिएको पीसीआर परीक्षणमा थप तीन जनालाई पुष्टि भएको नारायणी अस्पतालले जनाएको छ।

उनीहरूलाई नारायणी अस्पतालमा ल्याइएको अस्पतालले जनाएको छ। यसअघि बीरगंजका तीन सहित रौहतटका एक जना किशोर बीरगंजको नारायणी अस्पतालबाट उपचार पछि घर फर्किएका छन्। मध्य तराईको सर्लाहीमा एक, रौतहटमा तीन, बारामा दुई र पर्सामा ६ गरी १२ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ। त्यसमा चार जना उपचार पछि फर्किएका छन्।

यसैबीच नेपालमा कोरोना भाइरस (कोभिड-१९) बाट बढी प्रभावित पर्सा जिल्लामा नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिलको टोलीले स्थानीय पत्रकारसँग अन्तर्क्रिया गरेको छ ।

कोरोना भाइरसबाट सङ्क्रमीत हुने सङ्ख्या धेरै भएको स्थानमा पर्ने बीरगंजमा जिल्लाका पत्रकारको अवस्था बुझ्न महासङ्घ महासचिव रमेश बिष्ट र प्रेस काउन्सिलका सदस्य ईश्वरी ओझा वीरगंज आउनु भएको हो ।

उहाँहरूले वैशाख १७ गते बिहान नेपाल पत्रकार महासंघ प्रदेश नं. २ का बीरगंजमा उपलब्ध पदाधिकारी, बारा र पर्साका पत्रकार महासंघका अध्यक्ष, पेशागत संगठनका अध्यक्षरूसँग बीरगंजको अवस्था र  पत्रकारका समस्याका बारेमा छलफल गर्नु भएको थियो ।

छलफलमा पत्रकारहरूले रिपोर्टिङ् गर्न जाँदा आवश्यक पर्ने सुरक्षा सामग्री मास्क, ग्लोब्स, सेनिटाइजर, प्रहरीको चेकजाँच कडाई गरेकाले प्रेस ज्याकेट लगातका आधारभुत सामाग्रीहरू अभाव र त्यही अभावमा पनि पत्रकारले आफ्नो पेशागत दायित्व निर्वाह गरेको पत्रकारहरूले टोलीलाई अवगत गराएका थिए ।

पत्रकारहरू अगुवाहरूले नागरिकको सूचना पाउने अधिकारलाई सम्मान गर्दै त्यो अधिकार वहाल गराउन क्रियाशिल सञ्चारजगत प्रति सरकारी दृष्टिकोण अनुदार रहेको भन्दै सरकारको आलोचना गरेका थिए ।

सोही क्रममा नेपाल पत्रकार महासङ्घ तथा प्रेस काउन्सिलको टोलीले वीरगंजको नारायणी अस्पताललाई १० थान पीपीई पूर्ण सेट र अन्य स्वास्थ्य सामग्री उपलब्ध गराएको थियो । बीरगंज महानगरपालिकाका प्रमुख बिजयकुमार सरावगीले ती सामनहरू अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा. मदनकुमार उपाध्यायलाई हस्तान्तरण गर्नु भएको थियो । साथै उक्त टोलीले पत्रकारहरूलाई मास्क र सेनिटाइजर पनि उपलब्ध गराएको थियो ।

**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**